Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD: 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः ६४ | वि.सं. २०८३ असार २ मंगलवार | नेपाल संवत: ११४५, शुक्ल प्रतिपदा | Tuesday 16 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कस्तो छ सात प्रतिशत बढेर आएको कर्णाली सरकारको बजेट ?



◣ओम शाही
सुर्खेत, १ असार ।

कर्णाली प्रदेश सरकारले नयाँ बजेट सार्वजनिक गरेको छ। सोमबारको प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री राजिवविक्रम शाहले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वय गर्न बजेट सार्वजनिक गरेका हुन्। उनले आगामी वर्षका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार बराबरको बजेट प्रस्तुत गरेका छन्।

यो चालु आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले बढी हो। चालु आर्थिक वर्षमा प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको बजेट कार्यान्वयन गरिरहेको छ। प्रदेश सरकारले आगामी वर्ष चालुतर्फ आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार अर्थात २४.३१ प्रतिशत बराबरको बजेट प्रस्तुत भएको छ।

त्यस्तै, पूँजिगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत भएको छ। यो कुल बजेटको ५८.३१ अर्थात प्रतिशत हो। त्यस्तै, वित्तीय व्यवस्थातर्फ ५० करोड अर्थात १.४१ प्रतिशत बराबरको बजेट छ। आगामी वर्षका लागि सरकारले प्रस्तुत गरेको बजेट धान्ने स्रोतका रुपमा आन्तरिक आय ८५ करोड पाँच लाख ९० हजार, चालु आर्थिक वर्षमा खर्च हुन नभई बचत हुने करिब ६ अर्ब ४१ करोड ५१ लाख रुपौयाँ परिचालन गर्ने जनाएको छ।

त्यस्तै, संघीय सरकारबाट राजश्व बाँडफाड अन्तर्गत प्राप्त १० अर्ब ६६ करोड ५० लाख ४९ हजार, वित्तीय समानिकर अनुदान १० अर्ब ६३ करोड २३ लाख, ससर्त अनुदानतर्फ पाँच अर्ब ६७ करोड २५ लाख रुपैयाँ परिचालन गर्ने जनाएको छ। आगामी वर्ष समपुरक अनुदान ६६ करोड ७८ लाख र विशेष अनुदान ४८ करोड ५६ लाख रुपैयाँ स्रोत परिचालन गरिने जनाइएको छ।

संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री शाहले प्रदेश सन्तुलन सहितको गुणस्तरीय, समावेशी तथा सहभागितामूलक पूर्वाधार विकास, मानव पुँजीको निर्माण, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनसँगै उत्पादकत्व, रोजगारी वृद्धिलाई बजेटले प्राथमिकतामा राखेको बताए। त्यस्तै, प्रविधिमा आधारित कृषि प्रणाली बजारीकरण तथा विविधीकरण एवं पर्यटन प्रवर्द्धन, लगानीको विस्तारसँगै औद्योगिकीकरणको विकास गरी रोजगारी सिर्जना, जनमुखी सार्वजनिक प्रशासन, सदाचारिता प्रवर्द्धनसँगै शासकीय सुधार, आर्थिक, सामाजिक लगायतका सबै क्षेत्रहरुमा निजी क्षेत्रको महत्वपूर्ण सहभागिता र संलग्नताका साथै सुशासन र विकासमा युवा सहभागितालाई बजेटले प्राथमिकतामा राखेको अर्थमन्त्री शाहले जानकारी दिए।

आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका लागि १० अर्ब ९३ करोड ८१ लाख १० हजार रुपैयाँ बराबरको बजेट व्यवस्थापन गरिएको छ। त्यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि दुई अर्ब ४६ करोड ४९ लाख ७४ हजार, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई दुई अर्ब ५२ करोड ८७ लाख ६८ हजार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई चार अर्ब ८१ करोड ९५ लाख ८६ हजार बजेट दिइएको छ। सामाजिक विकास मन्त्रालय ६ अर्ब १० करोड पाँच लाख ९५ हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि ३७ करोड पाँच लाख रुपैयाँ विनियोजन भएको छ।

आगामी आर्थिक वर्ष कर्णालीका स्थानीय तहलाई अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत पाँच अर्ब ५४ करोड ७२ लाख ८० हजार अर्थात १५.६७ प्रतिशत बराबरको बजेट पठाउने भएको छ। जसमा वित्तीय समानिकरण अनुदान पाँच करोडले वृद्धि भई एक अर्ब रुपैयाँ पुऱ्याइएको छ। यस्तै, समपुरक अनुदानमा सबै स्थानीय तहलाई समेट्ने गरी एक अर्ब १८ करोड ५० लाख पठाइने छ।

स्थानीय तहको असमानता हटाउन आगामी वर्ष प्रदेश सरकारले विशेष अनुदानवापत ४८ करोड ५० लाख रुपैयाँ स्थानीय तहमा पठाउने छ। यस्तै, ससर्त अनुदान वापत एक अर्ब ७३ करोड ६१ लाख ८० हजार रुपैयाँ बराबरको बजेट स्थानीय तहमा हस्तान्तरण हुनेछ। आगामी वर्षका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहलाई पाँच एक अर्ब १५ करोड ४४ लाख रुपैयाँ बराबरको बजेट पठाइने अर्थमन्त्री शाहले जानकारी दिए।

### निजी क्षेत्र भन्छ, 'नयाँपन छैन'

प्रदेश सरकारले सार्वजनिक गरेका आगामी वर्षको बजेटलाई निजी क्षेत्रले विगतकै निरन्तरता भएको टिप्पणी गरेको छ। नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारी सदस्य पदमबहादुर शाहीले आगामी वर्षको बजेट परम्परागत शैलीको भएको र यसले निजी क्षेत्रमा कुनै उत्साह जगाउन नसकेको टिप्पणी गरे।

'सरसर्ती हेर्दा बजेटमा समेटिएका करिब ९० प्रतिशत कार्यक्रमहरू पुराना योजनाकै पुनरावृत्ति मात्र हुन्,' उनले भने, 'विगतका असफल वा अपूरा योजनालाई नै तोडमरोड गरेर पुनः ल्याइएको छ।' विगतका वर्षहरूमा निकै प्राथमिकताका साथ घोषणा गरिएका स्टार्टअप प्रवर्द्धन, औद्योगिक क्षेत्र विस्तार तथा विमानस्थल विकास जस्ता महत्त्वपूर्ण योजनाहरू हालसम्म पनि कार्यान्वयन नुहुनले आशा जगाउने ठाउँ नरहेको निजी क्षेत्रको ठहर छ।

पुराना योजनाको कार्यप्रगति शून्य प्रायः रहेको अवस्थामा केवल बजेट वक्तव्यमा आकर्षक शीर्षक थपेर मात्र उद्योगी र व्यवसायीहरू उत्साहित हुन नसक्ने शाहीको दावी छ। 'हामीलाई कागजी योजना र आश्वासनभन्दा पनि घोषणा गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन चाहिएको हो।' शाहीले भने।

उनका अनुसार नयाँ बजेट लगानी आकर्षण गर्न र रोजगारीका अवसरहरू सिर्जना गर्नमा चुकेको छ। प्रदेशमा वैदेशिक तथा आन्तरिक लगानी भित्र्याउने ठोस नीति र आधारहरू बजेटमा नदेखिएको भन्दै निजी क्षेत्रले चिन्ता व्यक्त गरेको छ। अहिलेको मुख्य चुनौती नै बजेट कार्यान्वयनको पक्ष कमजोर रहेको उल्लेख गर्दै उनले आर्थिक समृद्धिका लागि कागजी योजनाभन्दा पनि नतिजामुखी कार्यशैली र कार्यान्वयन संयन्त्र बलियो हुनुपर्नेमा जोड दिए।

### बजेट बारे के भन्छ प्रतिपक्ष ?

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको बजेटमाथी प्रमुख प्रतिपक्षी दलले असन्तुष्टि जनाएको छ। प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले सरकारद्वारा प्रस्तुत बजेटको उद्देश्य र विनियोजित अङ्क (बजेटको आकार) बीच कुनै तादात्म्य मिल्न नसकेको टिप्पणी गरे। उनले बजेटमा कुनै नयाँपन नभएको पनि दावी गरे। 'अर्थमन्त्री स्वयम्ले टुक्रे योजनाको मोह त्याग्न नसकेको स्वीकार गर्नुले बजेट दिशाहीन बनेको देखिन्छ। ठूला र रणनीतिक योजनाभन्दा खुद्रे आयोजनामै बजेट छरिएकाले यसले प्रदेशको समृद्धिमा योगदान दिन सक्दैन,' उनले भने।

सरकारले लिएको आन्तरिक स्रोत संकलनको लक्ष्य भेट्टाउन सकिने सम्भावना रहे तापनि विगतका कमजोरी र फितलो बजेट कार्यानवय शैलीले प्रगति हासिल गर्न मुस्किल रहेको उनको टिप्पणी छ। 'अर्थमन्त्री आफैँले कमजोरी स्वीकार गरिसकेको अवस्थामा यो बजेटले कर्णालीवासीको भावनालाई सम्बोधन गर्न सक्दैन। यो केवल औपचारिकता र पुरानै ढर्राको निरन्तरता मात्रै हो,' जिसीले भने। विगतका वर्षहरूमा जस्तै यस पटक पनि बजेट कार्यान्वयनको फितलोपन दोहोरिने र विनियोजित रकम फ्रिज हुने प्रवृत्ति यथावत रहने उनको दावी छ।

### यस्तो छ वास्तविक अर्थतन्त्रको अवस्था

प्रदेश स्थापना भएदेखि हालसम्म प्रदेश सरकारले कुल दुई खर्ब ६४ अर्ब ३४ करोड प्रस्तुत गरेको छ। जसमा विनियोजनको तुलनामा औसतमा चालुतर्फ ६४.५७ प्रतिशत र पुँजीगततर्फ ५५.३९ प्रतिशत खर्च भई समग्रमा ५८.९२ प्रतिशत बजेट खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्मको खर्च खुद बजेटमा चालुतर्फ ५०.६३ प्रतिशत र पुँजीगततर्फ २७.४६ प्रतिशत खर्च भई समग्रमा ३६.२५ प्रतिशत मात्रै बजेट खर्च भएको छ।

प्रदेश स्थापना भएदेखि आर्थिक वर्ष २०८१/०८२ सम्म प्रदेश सरकारले आन्तरिक आय तीन अर्ब ५७ करोड ९२

▶▶ बाँकी ३ पेजमा

# आगामी आवको बजेट सुधारको दिशामा अग्रसरः नेडेव

◣युग संवाददाता
काठमाडौँ, १ असार ।

नेपाल डेभलपमेन्ट वाच (नेडेव)ले सरकारले ल्याएको आर्थिक वर्ष २०८३/८४ को बजेट सुधारोन्मुख नीतिगत दिशातर्फ उन्मुख रहेको बताएको छ। बजेटले आर्थिक वृद्धि लक्ष्यसँगै सीमान्तकृत समुदायका लागि लक्षित हस्तक्षेप आवश्यक रहेको नेडेवले जनाएको छ।

उक्त संस्थाले संस्थाले सङ्घीय मन्त्रालयको सङ्ख्या २२ बाट १८ मा झार्ने तथा ३१ वटा निकाय खारेज वा एकीकरण गर्ने सरकारको योजनालाई सुशासनका स्पष्ट कमदका रूपमा व्याख्या गरेको छ। रू २.१२ खर्बको बजेट नेपालको इतिहासकै सबैभन्दा ठूलो भए पनि अनुमानित राजस्वभन्दा ठूलो वित्तीय अन्तर व्यवस्थापन सरकारका लागि चुनौतीपूर्ण रहने संस्थाको बुझाइ छ।

नेडेवले मध्यमवर्ग, लगानीकर्ता र प्रविधि क्षेत्रमा केन्द्रित कर तथा आर्थिक सुधारहरूलाई सकारात्मक संकेतका रूपमा उल्लेख गरेको छ। दलित बालबालिकाको पोषण भत्ता वृद्धि, उच्च गरिबी भएका जिल्लामा पोषण कार्यक्रम विस्तार तथा स्वास्थ्य र शिक्षामा गरिएका केही प्राथमिकताहरूको पनि संस्थाले स्वागत गरेको छ।

यद्यपि, नेडेवले सार्वजनिक लगानीका लाभ सबै समुदायमा समान रूपमा नपुग्ने जोखिम औंल्याउँदै सीमान्तकृत समूहका लागि लक्षित कार्यक्रम आवश्यक रहेको जनाएको छ। रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन र लगानी वातावरण सुधारका क्षेत्रमा बजेट अझ प्रभावकारी हुनुपर्ने संस्थाको सुझाव छ।

# नेपालगन्जमा ऐतिहाँसिक तलाउ मासिँदै

◣युग संवाददाता
बाँके, १ असार ।

अत्याधिक गर्मी हुने सहर नेपालगन्जमा भूमिगत पानीको स्रोत जोगाउन तालतलैयाको संरक्षण गर्नुपर्ने बेला यहाँका पुराना ऐतिहासिक तलाउहरू मासिने क्रम बढेको छ। नेपालगन्ज उपमहानगरपालिका-८ रङ्गशाला नजिकै रहेको ऐतिहाँसिक धोबीताल संरक्षणको अभावमा यतिबेला सङ्कटमा परेको छ।

कुनै समय नेपालगन्जका धोबी समुदायले कपडा धुने र स्थानीयले सिङ्गडाखेती गर्ने यो ताल पछिल्लो समय संरक्षण नहुँदा पुरिँदै गएको छ। करिब छ कट्ठा क्षेत्रफलमा फैलिएको यो तालमा पछिल्लो समय माटो पटान गर्ने र वडाभित्रको फोहर जम्मा गरेर थुपार्ने काम भइरहेको छ। तालमा फोहर थुपारिएपछि निस्किएको दुर्गन्धका कारण आसपासका बासिन्दाको स्वास्थ्यमा गम्भीर असर परेको स्थानीय उषाकुमारी खड्काले बताए।

"केही वर्षअघिसम्म तालभरि पानी भरिन्थ्यो, लुगा धुने, सिङ्गडाखेती गर्ने काम हुन्थ्यो", खड्काले विगतलाई सम्झिँदै भने, "अहिले तालको बिजोग भएको छ, घरै अगाडि रहेको तालमा फोहर फालेर दुर्गन्धले बस्नै कठिन भइरहेको छ।"

उपमहानगर र वडा कार्यालयले पटक पटक आग्रह गर्दा पनि फोहर फाल्ने काम नरोकिएको र घरभित्रै बस्न नसक्ने अवस्था आएको उनको गुनासो छ। तलाउलाई माटोले पुरेर अहिले तरकारी व्यापारीले मालवाहक साधन पार्किङस्थल बनाएका छन्।

नेपालगन्जका अन्य वडामा पनि प्राकृतिक तालहरू मासेर भौतिक संरचना बनाउने कार्य भइरहेको छ। गगनगन्जको भगवान तलाउ मासेर स्वास्थ्यचौकी बनाइएको छ भने हनुमानगढी छेउको तलाउमा १०८ फिटे हनुमानको मूर्ति निर्माण भइरहेको छ।

नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले प्राकृतिक तालतलैया संरक्षणमा आफूले ध्यान दिँदै आएको बताए। उनले धोबीताल नपुर्न र त्यहाँ फोहर नफाल्न वडा कार्यालयलाई निर्देशन दिएको बताए। उनले स्थानीयको मागलाई कदर गर्दै आगामी आर्थिक वर्षको बजेटमा धोबीताल संरक्षणका लागि रकम व्यवस्था गर्ने आश्वासनसमेत दिएका छन्।




विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
:- Jobkarnali.com
Tender Karnali
:- Tenderkarnali.com
ebazar
:- ebazar.com
yugnews.com

# सम्पादकीय....

## बजेटलाई कार्यान्वयनमुखी बनाऊ


कर्णाली प्रदेश सरकारले आज आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्री राजीवविक्रम शाहले प्रदेशसभामा बजेट प्रस्तुत गर्दा कर्णालीवासीको अपेक्षा केवल बजेटको आकारमा मात्रै सीमित छैन। बरु त्यसको प्रभावकारी कार्यान्वयन र प्रतिफलमा केन्द्रित छ। विगतका अनुभवले बजेटको परिमाणभन्दा पनि त्यसको सही प्राथमिकता निर्धारण, समयमै खर्च र परिणाममुखी कार्यान्वयन बढी महत्वपूर्ण हुन्छ। संघीय सरकारले आगामी वर्षका लागि कर्णालीलाई १७ अर्ब २० करोड रुपैयाँभन्दा बढी अनुदान उपलब्ध गराउने भएको छ। चालु आर्थिक वर्षमा प्रदेश सरकारले करिब ३३ अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ भने आगामी वर्षको बजेट पनि सोही हाराहारी वा केही वृद्धि भएर आउने संकेत देखिएको छ।

यद्यपि बजेट बढ्दै जानु मात्र विकासको सुनिश्चितता होइन। प्रदेश सरकारको विगतको खर्च क्षमता, आयोजना व्यवस्थापन तथा पुँजीगत बजेट कार्यान्वयनको अवस्था हेर्दा अझै धेरै सुधार आवश्यक देखिन्छ। सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, ऊर्जा, खानेपानी, वन व्यवस्थापन र सुशासनलाई प्राथमिकतामा राखेको छ। यी विषयहरू कर्णालीको वास्तविक आवश्यकता पनि हुन्। खाद्य उत्पादनमा आत्मनिर्भरता, युवालाई सीप र उद्यमसँग जोड्ने योजना, स्वास्थ्य तथा शिक्षामा पहुँच विस्तार र सडक तथा ऊर्जा पूर्वाधारको विकास जस्ता लक्ष्यहरू प्रदेशको दीर्घकालीन समृद्धिसँग प्रत्यक्ष सम्बन्धित छन्। तर, यस्ता लक्ष्यहरू विगतमा पनि बारम्बार दोहोरिएका थिए। समस्या लक्ष्य निर्धारणमा होइन, कार्यान्वयनमा देखिएको छ। कर्णालीको विकासमा सबैभन्दा ठूलो चुनौती स्रोतको अभाव मात्र होइन, स्रोतको प्रभावकारी उपयोग पनि हो। बहुवर्षीय आयोजनाहरू अधुरा रहने, विनियोजित रकम समयमै खर्च नहुने, योजना छनोटमा राजनीतिक प्रभाव हाबी हुने र अपेक्षित प्रतिफल नआउने प्रवृत्तिले प्रदेशको विकास यात्रालाई सुस्त बनाएको छ। त्यसैले आगामी बजेटले नयाँ योजना थप्नेभन्दा पनि सञ्चालनमा रहेका महत्वपूर्ण आयोजनालाई सम्पन्न गर्ने, उत्पादनशील क्षेत्रमा लगानी बढाउने र रोजगारी सिर्जना गर्ने स्पष्ट रणनीति समेट्नुपर्छ। सरकारले नीति तथा कार्यक्रममा वित्तीय अनुशासन, मितव्ययिता र शून्य बेरुजु अभियानलाई प्राथमिकता दिएको छ। यदि यी प्रतिबद्धता व्यवहारमा रूपान्तरण गर्न सकिए भने प्रदेशमा सुशासन प्रवर्द्धनको आधार बलियो बन्न सक्छ। साथै बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागिता सुनिश्चित गरिनु आवश्यक छ।

कर्णालीको आवश्यकता भाषण र घोषणाभन्दा बढी परिणामको हो। जनताले अब कागजी प्राथमिकता होइन, खेतमा उत्पादन, युवालाई रोजगारी, गाउँसम्म सडक, गुणस्तरीय शिक्षा र सहज स्वास्थ्य सेवा चाहेका छन्। त्यसैले प्रस्तुत बजेटले आकारभन्दा बढी प्रभावकारिता, वितरणभन्दा बढी उत्पादनशीलता र घोषणाभन्दा बढी कार्यान्वयनलाई केन्द्रमा राख्न सके मात्र समृद्ध कर्णाली, सुखी कर्णालीवासीको लक्ष्य सार्थक बन्न सक्छ। यस पटकको बजेटमा पनि विगतकै योजनालाई निरन्तरता दिइएको छ। हरेक वर्षको नीति तथा कार्यक्रममा अघि सार्ने तर कार्यान्वयनका समयमा भने चुप लागेर बस्ने प्रदेश सरकारलाई एक खालको बानी भइसकेको छ। कर्णालीको आवश्यकता र तथ्य एकातिर नीति, कार्यक्रम तथा बजेट अर्कोतर्फ हुँदा नागरिकले अपेक्षा गरेअनुसार समृद्धिको खाका कोरिन सकेको छैन। यसर्थ, आगामी वर्षका लागि सार्वजनिक भएको नीति, कार्यक्रम तथा बजेट घोषणमा मात्र सीमित नभई प्रभावकारी कार्यान्वयनको तहमा जानु पर्दछ। यसमा राजनीतिक र प्रशासनिक नेतृत्व जिम्मेवार हुन आवश्यक छ।

# विश्व

## एल निनो मौसमी ढाँचा आधिकारिक रूपमा सुरु




**न्युयोर्क, १ असार ।**
अमेरिकी वैज्ञानिकले एल निनो (प्राकृतिक मौसमी ढाँचा, जसले विश्वका निश्चित क्षेत्रमा तापक्रम बढाउँछ) आधिकारिक रूपमा सुरु भएको बताएका छन्।

अमेरिकी राष्ट्रिय महासागर तथा वायुमण्डलीय प्रशासन (एनओएए)ले उष्णकटिबन्धीय प्रशान्त क्षेत्रमा एल निनो अवस्था अहिले चलिरहेको जनाएको छ। पछिल्ला महिनामा समुद्री सतहको तापक्रम तीव्र गतिमा बढेको छ। धेरै पूर्वानुमानअनुसार यो तथाकथित 'सुपर' एल निनोको रूपमा समाप्त हुन सक्छ, अहिलेसम्म रेकर्ड गरिएको सबैभन्दा बलियोमध्ये एक पनि हुन सक्छ।

दशकौंदेखि मानव-सिर्जित तापक्रम वृद्धि हुँदै गर्दा यसले अर्को कीर्तिमानी तातो वर्ष ल्याउन सक्छ (सम्भवतः २०२७ मा) र मौसम, खाद्य आपूर्ति र अर्थतन्त्रमा अवरोध आउनेछ। एनओएएको यो घोषणा कुनै आश्चर्यको कुरा होइन। मध्य र उष्णकटिबन्धीय प्रशान्त क्षेत्रमा समुद्री सतहको तापक्रमले अब अमेरिकी वैज्ञानिकले एल निनो घटनालाई परिभाषित गर्न प्रयोग गर्ने औसतभन्दा ०.५ डिग्री सेल्सियस माथिको थ्रेसहोल्ड पार गरेको छ।

'मध्यदेखि पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरमा समुद्री सतहको तापक्रम (एसएसटी) औसतभन्दा माथि रहेको देखिएकाले विगत एक महिनामा एल निनो अवस्था विकसित भएका छन्,' एजेन्सीले भन्यो। एनओएएले भूमध्यरेखीय प्रशान्त महासागरमाथिको हावाको दिशा पनि परिवर्तन हुन थालेको देखेको छ।

# भाखा नाघेका ऋणी सदस्यहरूको नामावली सार्वजनिक सूचना

(प्रकाशित मिती : २०८३/०३/०२)

यस भेरीगंगा बहुउद्देश्यीय सहकारी संस्था लि. बाट कर्जा लिएका केही सदस्यहरूले कर्जा सम्झौता, संस्थाको विनियम, कर्जा नीति तथा प्रचलित सहकारी कानूनबमोजिम तोकिएको समयभित्र साँवा, ब्याज तथा अन्य देय रकम भुक्तानी नगरी लामो समयदेखि भाखा नाघेको अवस्था रहेको छ। संस्थाले सम्बन्धित ऋणी सदस्यहरूलाई पटक-पटक मौखिक, लिखित तथा टेलिफोनमार्फत जानकारी गराई कर्जा चुक्ता गर्न आग्रह गरेको भए तापनि हालसम्म समेत ऋण नियमित नगरेको हुँदा संस्थाको लगानी सुरक्षा तथा सदस्यहरूको बचत संरक्षणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्ने अवस्था सिर्जना भएको छ। प्रचलित सहकारी ऐन, संस्थाको विनियम तथा कर्जा नीतिले व्यवस्था गरेबमोजिम भाखा नाघेका ऋणी सदस्यहरूको नामावली सार्वजनिक सूचना मार्फत प्रकाशन गर्ने निर्णय सञ्चालक समितिबाट भएकोले संलग्न विवरण अनुसारका ऋणी सदस्यहरूको नाम, ठेगाना तथा बाँकी कर्जा विवरण तपाईको प्रतिष्ठित पत्रिका युगआह्वान राष्ट्रिय दैनिक पत्रिका मा प्रकाशन गरिएकोछ।

| ऋणीको नाम | फोटो | जमानी बस्नेको नाम | फोटो |
|---|---|---|---|
| **१.ऋणीः पविसरा दमाई**<br>बाबुः शहवीर दमाई<br>सुसुरो : हरिभान दमाई<br>पति : लोक सिं दमाई<br>ठेगाना : सुर्खेत लेपराजुल ८<br>हाल : भेरीगंगा न.पा १०, छिन्चु<br>न.प्रा.न.३५४७२<br>जारी मिति :२०५६/०२/२५ | | **१.जमानी दिनेको नामः देवीसरा शाही**<br>बाबु : मान बहादुर शाही<br>पति : दल बहादुर शाही<br>बाजे/सुसुरा : राम बहादुर शाही<br>ठेगाना :जारकोट कोर्ताङ ५<br>हालको ठेगाना : सुर्खेत भेरीगंगा न.पा.१०, एकता टोल<br>**२.जमानी दिनेको नामः मेघ राज वि.क**<br>बाबु : जुध्द विर वि.क<br>बाजे : राम भगवत वि.क<br>ठेगाना : म्याग्दी जाम्रुकोट-६<br>हालको ठेगाना : भेरीगंगा न.पा.१०, एकता टोल, सुर्खेत<br>**३.जमानी दिनेको नामः लोक सिं दमाई**<br>बाबु : हरिमान दमाई<br>बाजे : कर्ण बहादुर दमाई<br>ठेगाना : सुर्खेत छिन्चु वडा न.२<br>हालको ठेगाना : भेरीगंगा न.पा.१०, एकता टोल, सुर्खेत<br>**४.जमानी दिनेको नामः चन्द्र बहादुर बुढा**<br>बाबुः भाईलाल बुढा<br>बाजेः सुरेस बुढा<br>ठेगानाः छिन्चु-८, सुर्खेत<br>हालको ठेगाना : भेरीगंगा न.पा.१०, सुर्खेत | |
| **२.ऋणीः मिना बाका मगर**<br>बाबुः पतिराम बाका मगर<br>बाजेःखडक बहादुर बाका मगर<br>पतिको नाम :घनश्याम के.सी<br>ठेगाना :सुर्खेत दशरथपुर ४<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.६४२६८<br>जारी मितिः२०६०/०८/०१ | | **१.जमानी दिनेको नामः भक्तिदेबी घर्ति**<br>बाबुः छविलाल वली<br>बाजेः बिर बहादुर वली<br>ठेगानाः सुर्खेत ६ रामघाट<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः तिला घर्ति**<br>बाबुः बल बहादुर घर्ति<br>बाजेः मान बहादुर घर्ति<br>ठेगानाः गुमी ६ सुर्खेत<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु | |
| **३.ऋणीः दलमाया गुरुङ्ग**<br>बाबुः भीम बहादुर गुरुङ्ग<br>बाजेः शान्तविर गुरुङ्ग<br>पतिः सोम बहादुर गुरुङ्ग<br>ठेगाना :सुर्खेत रजेना ८<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.७८०२९<br>जारी मितिः२०६३/०२/३० | | **१. जमानी दिनेको नाम :र्दुगा रोका**<br>बाबुको नाम : अक बहादुर खत्री<br>बाजे : लिला धर खत्री<br>ठेगाना : सुर्खेत छिन्चु<br>हालको ठेगाना : सुर्खेत भेरीगंगा न.पा १०<br>**२. जमानी दिनेको नामः मन्सा देवि गुप्ता**<br>बाबुको नाम :लक्ष्मी नारायण गुप्ता<br>पतिको नामःउमा शंकर गुप्ता<br>ठेगानाःबाँके नेपालगञ्ज ५<br>हाल ठेगानाः भेरीगंगा न.पा १२<br>**१.जमानी दिनेको नामः सोम बहादुर गुरुङ्ग**<br>बाबुः लाल बहादुर गुरुङ्ग<br>बाजेः<br>ठेगानाः सुर्खेत रजेना ९<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु | |
| **४.ऋणीः दिलमाया गाहा**<br>बाबुः तेज बहादुर गाहा<br>बाजेः मान बहादुर गाहा<br>पतिः अमर बहादुर खाम्चा<br>ठेगाना :सुर्खेत कल्याण ५<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.६०४४८/६३६<br>जारी मितिः२०५९/११/२९ | | **१.जमानी दिनेको नामः डिलसरी बुढा**<br>बाबुः नरेन्द्र बुढा<br>बाजेः डम्मर बुढा<br>ठेगानाः सुर्खेत काफलकोट ८<br>हालको ठे गाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः रेविका परियार**<br>बाबुः तुले दमाई<br>बाजेः हरिमान दमाई<br>ठेगानः सुर्खेत छिन्चु २<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**३.जमानी दिनेको नामः झुमा घर्ति**<br>बाबुः गगन बहादुर घर्ति<br>बाजेः धनसिं घर्ति<br>ठेगानाः सुर्खेत खानिखोला ५<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**४.जमानी दिनेको नामः प्रेम कुमारी सुनार**<br>बाबुः बिक्रम सुनार<br>बाजेः भिम बहादुर सुनार<br>ठेगानाः<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु | |
| **५.ऋणीः मान बहादुर बुढा**<br>बाबुः बल बहादुर बुढा<br>बाजेः धनसिंह बुढा<br>ठेगाना :जुगाथापा चौर जाजरकोट<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.१००८/१२४<br>जारी मितिः२०६७/०९/२० | | **१.जमानी दिनेको नामः सिता खत्री**<br>बाबुः कले रोकाय<br>ससुराः परिमल खत्री<br>ठेगानाः जाजरकोट कार्कीगाँउ १<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः केशव बहादुर सिंह**<br>बाबुः दल बहादुर सिंह<br>बाजेः कल्रुप सिंह<br>ठेगानाः अर्छानी जाजकोट १<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**३.जमानी दिनेको नामः जय बहादुर सिंह**<br>बाबुः दलु सिंह<br>बाजेः कलु सिंह<br>ठेगानाः<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**४.जमानी दिनेको नामः ईन्द्र बहादुर के.सि**<br>बाबुः दिले खत्री<br>बाजेः चिमु खत्री<br>ठेगानाः कालिमाटी सल्यान<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा ५ कालिदमार<br>**५.जमानी दिनेको नामः महेन्द्र बहादुर बस्नेत**<br>बाबुः पतिराम बस्नेत<br>बाजेःपुलमान बस्नेत<br>ठेगानाः सुर्खेत ८ छिन्चु<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु | |
| **६.ऋणीः प्रतिमा बुढा**<br>बाबुः धन बहादुर बुढा<br>बाजेः सउरे बुढा मगर<br>पति : मान बहादुर बुढा<br>ठेगाना :मैनतडा सुर्खेत<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.६२-०१-७३-०० ९६१<br>जारी मितिः२०७३/०३/२० | | **१.जमानी दिनेको नामः विष्णु शाही**<br>बाबुः लाल बहादुर सिंह ठकुरी<br>ससुराः डण्डरुप शाही<br>ठेगानाः माजकोट ६ जाजरकोट<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः पदम बहादुर राना**<br>बाबुःलोक बहादुर राना क्षेत्री<br>बाजेः पर्से राना<br>ठेगानः अवलचिङ्ग ९ सुर्खेत<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु | |
| **७.ऋणीः सरीता वली**<br>बाबुः ऐभान थापा<br>बाजेः काले थापा<br>पति : दुर्गे बहादुर वली<br>ठेगाना :रामघाट ७ सुर्खेत<br>हाल :भेरीगंगा न.पा ४ छिन्चु<br>न.प्रा.न.६४१०२६/१००३१२<br>जारी मितिः२०६७/०८/१९ | | **१.जमानी दिनेको नामः भरत खड्का**<br>बाबुः जंग बहादुर खड्का<br>बाजेः मनविर खड्का<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा ४ छिन्चु<br>**२.जमानी दिनेको नामः कमाला सिहं**<br>बाबुः झुपलाल खत्री<br>बाजेः गलविर खत्री<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १० छिन्चु<br>**३.जमानी दिनेको नामः जसविर खत्री**<br>बाबुः टोप बहादुर खत्री<br>बाजेः सरु खत्री<br>ठेगानाः छिन्चु ८ सुर्खेत<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**४.जमानी दिनेको नामः गणेश नेपाली**<br>बाबुः भिमे दमाई<br>बाजेः गुन्गो दमाई<br>ठेगानाः छिन्चु ८ सुर्खेत<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**५.जमानी दिनेको नामः दुर्गे बहादुर वली**<br>बाबुः अमर बहादुर वली<br>बाजेः नन्दलाल वली<br>ठेगानाः सुर्खेत पाम्का<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा ४ छिन्चु | |
| **८.ऋणी : कमला कुमारी शाही**<br>बाबुः जय बहादुर शाही<br>बाजेः बिर बहादुर शाही<br>पती : लोकेन्द्र बहादुर शाही<br>ठेगाना :कोर्ताङ ३ जाजरकोट<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.८८५<br>जारी मितिः२०६१/१२/२३ | | **२.जमानी दिनेको नामः ठक्कर बहादुर डाङ्गी**<br>बाबुः दलविर डाँगी<br>बाजेः जसविर डाँगी<br>ठेगानाः पाम्का ७ सुर्खेत<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः ज्ञान बहादुर वि.क**<br>बाबुः तिखे कामी<br>बाजेः प्रतापे कामी<br>ठेगानः सल्यान काप्रीचौर १<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १० छिन्चु<br>धितो लिलाम<br>जिल्ला सुर्खेत<br>गा.वि.स छिन्चु<br>वर्डान : ८ज्ञ११<br>कित्ता न. २१३<br>क्षेत्रफल ०-३-१-०/१०३.३२ | |
| **९. ऋणी : धनसरा खत्री**<br>बाबुःजयलाल जैसी<br>बाजेःपशुपति जैसी<br>ठेगाना :झाप्रा ४ जाजरकोट<br>हालको ठेगाना :भेरीगंगा न.पा. १० छिन्चु<br>ना.पा.न ६२१००९/४५४<br>जारी मिति :२०६८/०८/२७ | | **१. जमानी दिनेको नामः देविका रोका**<br>बाबुको नाम :लक्षु रोका<br>बाजे नामःकामी रोका<br>ठेगानाः चाँदेकरेन्जी<br>हालको ठेगाना :भेरीगंगा न.पा ४<br>**२. जमानी दिनेको नामः कल्पना कुमारी शर्मा (खत्री)**<br>बाबुःनरपती जैसी<br>पतिको नामः गोविन्द खत्री<br>ठेगाना भेरीगंगा न.पा.न.<br>**३. जमानी दिनेको नामः समिक्षा बुढा मगर**<br>बाबुको नाम :मन बहादुर पुन<br>पतिको नाम :सरु बुढामगर<br>ठेगाना :गुमि २ सुर्खेत<br>हालको ठेगान : भेरीगंगा न.पा १० | |
| **१०. ऋणी : ज्ञाने नेपाली सार्की**<br>बाबुः राम बहादुर सार्की<br>बाजेः हनविर सार्की<br>ठेगाना :दाङ राप्ती ८<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.४३०३/२७६७<br>जारी मितिः२०५६/१०/२६ | | **१.जमानी दिनेको नामः महेन्द्र बहादुर बस्नेत**<br>बाबुः पतिराम बस्नेत<br>बाजेःपुलमान बस्नेत<br>ठेगानाः सुर्खेत ८ छिन्चु<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः तुल्सा पुन मगर**<br>बाबुः शेर बहादुर घर्ति<br>बाजेः बल बहादुर पुन मगर<br>ठेगानाः गुमि ८ सुर्खेत<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**३.जमानी दिनेको नामः हिमा कुमारी विष्ट**<br>बाबुः धन बहादुर विष्ट<br>बाजेः हिन विर नेपालि<br>ठेगाना : राप्ती दाङ लक्ष्मीपुर ५<br>हालको ठेगान : भेरीगंगा न.पा १२ छिन्चु | |
| **११. ऋणी : विना शाही**<br>बाबुः हर्कु शाही<br>बाजेः चल्लु शाही<br>ठेगाना :सुर्खेत रामघाट ४<br>हाल :भेरीगंगा न.पा १२ छिन्चु<br>न.प्रा.न.३९४०१<br>जारी मितिः२०५७/०४/०६ | | **१.जमानी दिनेको नामः शुरिता शाही**<br>बाबुः परिमल शाही<br>बाजेः मन्दीर शाही<br>ठेगानः जाजरकोट खलगा ६<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**२.जमानी दिनेको नामः शान्त बहादुर शाही**<br>बाबुः बद्रि बहादुर शाही<br>बाजेः बिरु शाही<br>ठेगानाः दशेरा ७ बडाबन<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु<br>**३.जमानी दिनेको नामः निशा घर्ति**<br>बाबुः राम बहादुर घर्ति मगर<br>बाजेः चेरमन घर्ति<br>ठेगानाः सुर्खेत छिन्चु<br>हालको ठेगाना :सुर्खेत भेरीगंगा १२ छिन्चु | |
| **१२. ऋणी : दिपा गिरी**<br>बुवा/ससुरा निमनाथ योगी/मुहुन गिरी<br>पतिः तारादेव गिरी<br>ना .प्र.न ६७९५७<br>जारी मिति २०६१/०४/११ | | **१. जमानी दिनेको नामः जिवन देवकोटा**<br>बावुको नाम :हर्षविर खत्री<br>बाजे को नाम : मान बहादुर खत्री<br>ठेगाना :भेरीगंगा न.पा.४<br>**२. जमानी दिनेको नामः जगविर वली**<br>बुवा : तिलु वली<br>बाजेको नाम : भानु वली<br>ठेगाना : भेरीगंगा न.पा. १०<br>**३. जमानी दिनेको नामः तारादेव गिरी**<br>बुवाको नाम :मुहन गिरी<br>बाजे को नाम : सर्जन गिरी<br>ठेगाना : भेरीगंगा न.पा १० | |

**भेरीगंगा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**भेरीगंगा नगरपालिका-१०, छिन्चु**

# एमयूको चौथो दीक्षान्त समारोह भोली

**युग संवाददाता**
**सुर्खेत, १ असार ।**

मध्यपश्चिम विश्वविद्यालय (एमयू) को चौथो दीक्षान्त समारोह बुधबार (३ असार) मा हुने भएको छ। सोमबार जानकारी दिन आयोजित पत्रकार सम्मेलनमार्फत विश्वविद्यालयको चौथो दीक्षान्त समारोह, १८ औं विश्वविद्यालय सभा र १६ औं वार्षिकोत्सव एकै दिन आयोजना गर्न लागिएको जनाइएको छ।

चौथो दीक्षान्त समारोह तथा विश्वविद्यालयसभा-२०८३ को सञ्चार तथा प्रचार-प्रसार उपसमितिका संयोजक डाक्टर विष्णुकुमार खड्काले दीक्षान्त समारोहमा ग्रेस लिष्टमा रहेका १९ सय २८ जना विद्यार्थी दीक्षित हुन लागेको बताए। उनका अनुसार कुल विद्यार्थी मध्ये चार सय ५५ विद्यार्थीहरूले दीक्षान्त समारोहमा सहभागिता जनाउन आवेदन दिएका छन्।

यी मध्ये चार सय २८ जनाले आफ्ना अभिभावकसहित उपस्थित हुने गरी आवेदन दिएको खड्काले बताए। ग्राजुएट स्कुल अन्तर्गत विभिन्न तहको शैक्षिकोपाधि हासिल गरेका विद्यार्थीहरूलाई दीक्षित गर्नेगरी तय भएको एमयूको ऐतिहासिक चौथो दीक्षान्त समारोहको अध्यक्षता नेपाल सरकारका शिक्षा तथा खेलकुद मन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले गर्नेछन्।

उक्त समारोहमा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् केदारभक्त माथेमाको प्रमुख आथित्यता रहने खड्काले जानकारी दिए। 'दीक्षान्त समारोहमा ८ जेठ २०८३ सम्म ट्रान्सक्रिप्ट प्राप्त गरिसकेका ग्रेस लिष्टमा समाविष्ट विद्यार्थी मध्येबाट स्नातक तहमा सर्वोत्कृष्ट भएका एक जनाले कुलपति पदक प्राप्त गर्नेछन्,' खड्काले भने।

त्यस्तै, स्नातक तहमा सर्वोत्कृष्ट भएका एक जनाले उपकुलपति पदक, सबै ग्राजुएट स्कुलहरूबाट स्नातकोत्तर तहका लागि डीन लिष्टमा परेका पाँच जना र स्नातक तहबाट तीन गरी १४ जना विद्यार्थीले प्रमाणपत्रसहित पदक प्राप्त उनले बताए। संयोजक खड्का अनुसार चौथो दीक्षान्त समारोहसम्म आइपुग्दा ६ हजार तीन सय ७० विद्यार्थी दीक्षित भइसकेका छन्। चौथो दीक्षान्त समारोहबाट दीक्षित हुने विद्यार्थीको संख्या जोड्दा विश्वविद्यालय स्थापना भएको झण्डै १६ वर्षको अवधिमा आठ हजार दुई सय ९८ विद्यार्थी दीक्षित भएका छन्।

# राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरण आवश्यक

**युग संवाददाता**
**काठमाडौँ, १ असार ।**

विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले सरकारले राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरणलाई प्राथमिकतामा राखेको बताउनुभएको छ। प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' सम्बन्धमा विज्ञसँगको छलफलमा उहाँले बर्दिवास, धनगढी, बुटवल र वीरेन्द्रनगरमा रहेका प्रयोगशालाको भौतिक संरचना निर्माण गरिने जानकारी दिए।

समितिका सभापति डा ओजस्वी शेरचनले प्रयोगशालाको क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको बताए। प्रयोगशाला विज्ञहरू ओमप्रकाश शर्मा र गोपाल चौधरीले अपराधीकरणका मुद्दामा जाँच गरिने डिएनए परीक्षण र मानव पहिचानसम्बन्धी डिएनए बैंकको आवश्यकताबारे धारणा राखेका थिए।

साथै, विज्ञ नीराजन थापाले प्रयोगशालामा दक्ष जनशक्तिको अभाव भएको बताउँदै विधेयकमा प्रशिक्षणको व्यवस्था समावेश गरिनुपर्ने सुझाव दिए। सांसद डा चन्द्रमोहन यादवले 'डिएनए डेटा बेस बैंक' आवश्यक रहेको बताए। सांसद डा लेखजङ्ग थापाले पनि डिएनए बैंक स्थापना जरुरी रहेको बताए। उनले डिएनए सुरक्षाका लागि प्रयोगशालको लेखापरीक्षण गर्नुपर्ने धारणा राखे।

# स्वर्गीय पत्रकार आचार्य स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना

**युग संवाददाता**
**कालीकोट, १ असार ।**

स्वर्गीय. पत्रकार वीरेन्द्रप्रसाद आचार्यको स्मृतिमा 'वीरेन्द्र आचार्य स्मृति पत्रकारिता पुरस्कार' स्थापना हुने भएको छ। आइतबार भएको नेपाल पत्रकार महासङ्घ कालीकोट शाखाको १६ औं वार्षिक साधारणसभा स्वर्गीय पत्रकार आचार्यको स्मृतिमा पत्रकारिता पुरुस्कारको स्थापना गर्ने निर्णय गरेको हो।

आचार्यले पत्रकारिता क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै शाखाका सदस्य स्वर्गीय आचार्यको स्मृतिमा 'वीरेन्द्र आचार्य स्मृति पत्रकारिता पुरस्कार' स्थापना गर्ने निर्णय भएको नेपाल पत्रकार महासङ्घ कालीकोटका अध्यक्ष भरतराज विष्टले बताए। "स्वर्गीय पत्रकार आचार्यको स्मृतिमा पत्रकारिता पुरुस्कारको स्थापना गरिएको छ", उनले भने, "उहाँको स्मृतिमा प्रत्येक वर्ष पत्रकारिता क्षेत्रमा लागेका एक जना पत्रकारलाई सम्मान गरिनेछ।"

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिका कार्यालय
## सुर्खेतको संधियारका नाउमा जारी १५ दिने सूचना

(प्रकाशित मिति : २०८३/०३/०२ गते)

सुर्खेत गुर्भाकोट नपा. वडा नं. १४ बस्ने श्री नेत्रकली घलेले यस गुर्भाकोट नपा. वडा नं. १४ साविक गुमी ३ग कि.नं. ९१९, क्षेत्रफल ३६१०.६५ वर्ग मी.मा नक्सा पासका लागि यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन।

**तपसिल** :

**पूर्व जग्गाधनी** : सडक
**पश्चिम जग्गाधनी** : सडक
**उत्तर जग्गाधनी** : उतर तारा पुन (किता नं. ९२७)
**दक्षिण जग्गाधनी** : भावना घले (किता नं. ९१८)

अनुसुची-१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

(पहिलो पटक प्रकाशित मितिः २०८३/०३/०२)

श्री नौग्रजे सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा र ाखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) २९ थान ४४७.०३ क्यू.फि., ग्रेड (बि) १९ थान १७२.८४ क्यू.फि., ग्रेड (सि) ३ थान १६.९३ क्यू.फि. गरी कुल जम्मा ५१ थान ६३६.८० क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री नौग्रजे सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेत श्री वेतान सव-डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री नौग्रजे सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-०३, सुर्खेत।**

अनुसुची-१५
(दफा ३३ को उपदफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

(पहिलो पटक प्रकाशित मितिः २०८३/०३/०२)

श्री लामामेला सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा र ाखिएको कार्य योजना बमोजिम साल ग्रेड (ए) २६ थान ४४७.६९ क्यू.फि., ग्रेड (बि) १३ थान १२६.८० क्यू.फि., ग्रेड (सि) ३ थान १५.३१ क्यू.फि. गरी जम्मा ४२ थान ५८९.८० क्यू.फि.आसना ग्रेड (ए) ६ थान १७३.७५ क्यू.फि., गरी कुल जम्मा ४८ थान ७६३.५५ क्यू.फि. काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनमा खरिद गरी २२ (बाइस) औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री लामामेला सामुदायिक वन उपभोक्ता समूह चौकुने गा.पा.-०३, सुर्खेत श्री वेतान सव-डिभिजन वन कार्यालय भेरी, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री लामामेला सामुदायिक वन उपभोक्ता समूह**
**चौकुने गा.पा.-०३, सुर्खेत।**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।०२ गते )**

वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं ४ मा सञ्चालित तपसिल बमोजिम खानेपानी योजनाको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् र सोलार लिफ्ट प्रणालीमा प्रयोग हुने आवश्यक सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामग्रीहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**तपसिलः**

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी योजना/उपभोक्ता समितिको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित, भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | जमानत वापतको रकम रु | जमानत वापतको रकम जम्मा गर्नुपर्ने बैंक खाता ( वनगाड कुपिण्डे नगरपालिका, धरौटी खाता) |
|---|---|---|---|---|---|
| 55002-04 DWS A | पातलखोला काफलपानी डोप्के देउली लिफ्ट खानेपानी योजना उपभोक्ता समिति, ब.कु.न.पा. ४ (लिफ्ट भाग) | १,३६,१५,४०८।५० | ३०००।- | ३,४०,४०० ।- | ०६९०३०००१६९ |
| 55002-04 DWS B | पातलखोला काफलपानी डोप्के देउली लिफ्ट खानेपानी योजना उपभोक्ता समिति, ब.कु.न.पा. ४ -(ग्राभिटी भाग) | ५५,३१,२९५।८३ | ३०००।- | १,३८,३००।- | ०६९०३०००१६९ |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्सहरु/लिफ्टीङ सामाग्रीहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी) वनगाड कुपिण्डे नगरपालिकाको सल्लीबजार शाखामा रहेको लक्ष्मि सनराईज बैंक लिमिटेड Account Name GA. 1.1 AANTARIK RAJASWO KHATA BANGAD KUPINDE, Account Number 06903000017 मा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा https://sutra.fcgo.gov.np मार्फत सृजित भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा उल्लेखित वनगाड कुपिण्डे नगरपालिकाको सल्लीबजार शाखामा रहेको लक्ष्मि सनराईज बैंक लिमिटेडमा रहेको धरौटी खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समय भित्र सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको आयोजना सहयोग इकाइ सुर्खेत वा नगर कार्यपालिकाको कार्यालय वनगाड कुपिण्डे नगरपालिकाबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौं दिनको १२:०० बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाई मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा उल्लेखित बैंक खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं 55002-04DWS, उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् /लिफ्टीङ सामाग्रीहरु सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।

३. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम उल्लेखित वैक खातामा जम्मा गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आर्फै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२:०० (२०८३।०३। १७ गते) बजे भित्र खरिद गरिएको कार्यालय आयोजना सहयोग इकाइ सुर्खेत वा वनगाड कुपिण्डे नगरपालिकाको कार्यालय देवस्थलमा प्राप्त भईसक्नु पर्नेछ।

५. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले रोडहेडसम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ।

६. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८३।०३।१७ गते दिउसो ४।५५ बजे नगरकार्यपालिकाको कार्यालय देवस्थलमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।

७. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिमा सुरक्षित रहनेछ।

१०. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ। अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ।

११. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना नगर कार्यपालिकाको कार्यालय, देवस्थलको सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्य थप जानकारी चाहिएमा आयोजना सहयोग इकाइ सुर्खेत वा सल्यान जिल्ला वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८४७८८६८७१ वा ९८४९५२७००४) मा सम्पर्क गर्न सकिनेछ।

**खरिद समिति**

## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

## ठेक्का स्वीकृतीको आशयको सूचना

**प्रकाशित मितिः २०८२।०३ ।०२**

प्रस्तुत बिषयमा मिति २०८२।०२।०१ गते यस कार्यालयवाट प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको वोलपत्र मुल्यांकन समितिबाट तपसिल वमोजिम वोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र. सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभाबग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ NCB/09/082/083 | Supply and Delivery of Buffalo, Goat, Sheep, Chick & Pig for Chaurjahari Municipality,Rukum (West). | O.H.H.S Construction And Supliers Pvt.Ltd | NRS. 3496240.00 |

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# सामुदायिक वनमा सात लाखको अनियमितता

**युग संवाददाता**
**सुर्खेत, १ असार ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेतको भेरीगंगा नगरपालिकास्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन पदाधिकारीहरूविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

वनको काठ बेचबिखन र विभिन्न प्रशासनिक शीर्षकमा करिब ७ लाख १५ हजार ९ सय १६ रुपैयाँ हिनामिना गरेको ठहर गर्दै आयोगले आइतबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दर्ता गरेको हो।

आयोगका अनुसार भेरीगंगा नगरपालिका वडा नं-१३ मा रहेको साजगोठेरी सामुदायिक वनका तत्कालीन अध्यक्ष लोक बहादुर महतारा, सचिव मान कुमारी पौड्याल र कोषाध्यक्ष दल बहादुर बुढाले आपसी मिलेमतोमा सरकारी र सार्वजनिक सम्पत्तिको बदनियतपूर्ण दुरुपयोग गरेका हुन्। आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को अवधिमा वनको स्रोत परिचालन गर्दा उनीहरूले व्यापक अनियमितता गरेको अनुसन्धानबाट खुलेको छ।

आयोगको अनुसन्धानले उक्त सामुदायिक वनमा १ हजार क्युबिक फिट काठ कटान गरी ९८१.२४ क्युबिक फिट बिक्री गर्दा न्यूनतम दररेटभन्दा ९५ हजार १ सय १८ रुपैयाँ ८० पैसा कम आम्दानी देखाएको फेला पारेको छ।

आम्दानी कम देखाएर बाँकी रकम पदाधिकारीहरूले व्यक्तिगत लाभमा प्रयोग गरेको आयोगको दाबी छ। त्यसैगरी, आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा काठ चिरानी खर्च अस्वाभाविक रूपमा बढी देखाइएको छ। वास्तविक दररेटभन्दा ३ लाख ६६ हजार ९ सय १६ रुपैयाँ ५ पैसा बढी खर्च भएको विवरण पेस गरी संस्थालाई प्रत्यक्ष हानिनोक्सानी पुऱ्याइएको प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

पदाधिकारीहरूले वनहेरालुको पारिश्रमिकमा समेत कीर्ते कागजात बनाएको पाइएको छ। लेखापरीक्षण प्रतिवेदनमा वनहेरालुलाई २ लाख २० हजार रुपैयाँ भुक्तानी गरिएको देखिए पनि वास्तवमा उनीहरूले १ लाख ३० हजार रुपैयाँ मात्र बुझेका थिए। यसरी ९० हजार रुपैयाँको झुट्टा भरपाई बनाएर हिनामिना गरिएको अख्तियारको ठहर छ।

अनियमितताको शृङ्खला यतिमा मात्र सीमित छैन। तत्कालीन अध्यक्ष लोक बहादुर महताराले वनको विधान संशोधन गर्न काठमाडौं जाँदा बिना कुनै ठोस आधार र शीर्षक १ लाख २० हजार रुपैयाँ बुझेको अनुसन्धानमा देखिएको छ। उक्त रकम के कुन काममा खर्च भयो भन्ने कुनै प्रमाण पेस गर्न नसकिएको आयोगले जनाएको छ।

आयोगका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा वनको कार्यालय प्रयोजनका लागि ५२ हजार रुपैयाँ घरभाडा खर्च भएको देखाइएको थियो। तर, अनुसन्धानका क्रममा घरधनीले हालसम्म ८ हजार रुपैयाँ मात्र बुझेको बयान दिएपछि ४४ हजार रुपैयाँको झुट्टा बिल भरपाई खडा गरी रकम निकालिएको पुष्टि भएको छ।

अख्तियारले प्रतिवादीहरू लोक बहादुर महतारा, मान कुमारी पौड्याल र दल बहादुर बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ७ लाख १५ हजार ९ सय १६ रुपैयाँ ५ पैसा बिगो कायम गरेको छ। आयोगले सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) र (घ) बमोजिम कैद सजाय र बिगो बमोजिमको जरिवाना गरी बिगो समेत असुल उपर गर्न मागदाबी लिएको छ।

# कस्तो ...

लाख रुपैयाँ संकलन भएको छ। जुन कुल लक्ष्यको ८८.७० प्रतिशत मात्रै हो। आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशको आन्तरिक आय संकलन जेठ मसान्तसम्म ७० करोड ४४ लाख अर्थात् लक्ष्यको तुलनामा ७२.८२ प्रतिशत भएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ मा शुरु बजेट विनियोजनको तुलनामा ६३.५२ प्रतिशत अर्थात् २० अर्ब ९६ करोड २० लाख १० हजार खर्च हुने अनुमान सरकारको छ।

# नेपालगञ्जमा वडा कप शारीरिक सुगठन प्रतियोगिता

**सरला सुवेदी**
**बाँके, १ असार ।**

नेपालगञ्जमा पहिलो पटक आयोजना गरिएको प्रथम वडा कप शारीरिक सुगठन प्रतियोगिता-२०८३ भव्य रूपमा सम्पन्न भएको छ। पूर्व खेलाडी समाज बाँकेको आयोजनामा सम्पन्न प्रतियोगिताले जिल्लामा शारीरिक सुगठन खेलको बढ्दो लोकप्रियता मात्र नभई युवापुस्तामा स्वस्थ जीवनशैली, अनुशासन र फिटनेस संस्कृतिप्रतिको आकर्षण पनि उजागर गरेको छ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त बिष्टले उद्घाटन गर्नुभएको प्रतियोगिता पूर्व खेलाडी समाज बाँकेका अध्यक्ष प्रकाश बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रममा ओलम्पियन तथा समाजका सल्लाहकार सुरेन्द्र हमाल, सल्लाहकार गोबर्धन सिंह सम्झनालगायत खेलकुद क्षेत्रका विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

प्रतियोगितामा जिल्लाका नौ वटा फिटनेस क्लबका ४० जना खेलाडीले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गरेका थिए। खेलाडीहरूले मांसपेशीको विकास, शारीरिक बनावट, फिटनेस स्तर, प्रस्तुति कला तथा आत्मविश्वासपूर्ण प्रदर्शनमार्फत दर्शकको मन जितेका थिए। प्रतियोगिता अवलोकन गर्न खेलप्रेमी, युवा तथा फिटनेसप्रति रुचि राख्ने दर्शकहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

शारीरिक सुगठन खेल पछिल्लो समय युवामाझ लोकप्रिय बन्दै गएको छ। नियमित व्यायाम, स्वस्थ खानपान र अनुशासित जीवनशैलीको अभ्याससँग जोडिएको यो खेलले युवाहरूलाई कुलतबाट टाढा राख्न, आत्मविश्वास बढाउन तथा शारीरिक र मानसिक स्वास्थ्य मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

यस्ता प्रतियोगिताले नयाँ प्रतिभा पहिचान गर्ने तथा राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने आधारसमेत तयार गर्ने खेलकर्मीहरूको भनाइ छ। प्रतियोगितामा ओम फिटनेस २ स्वर्ण, २ रजत र १ कांस्य पदकसहित टिम च्याम्पियन बन्न सफल भयो। हेल्थ बेनि फिटनेस १ स्वर्ण, १ रजत र १ कांस्य पदकसहित दोस्रो स्थानमा रह्यो।

व्यक्तिगत प्रतिस्पर्धातर्फ ७५ केजी तौल समूहका दीपेन्द्र बहादुर खत्री ओभरअल च्याम्पियन घोषित भए। उनले आफ्नो तौल समूहमा प्रथम स्थान हाँसिल गर्दै प्रतियोगिताकै उत्कृष्ट खेलाडीको उपाधिसमेत जिते।

सूचना!

एनसेल आजियाटा लिमिटेडको नाम र लोगो दुरुपयोग गर्दै कम्पनीले आफ्नो वार्षिकोत्सवको अवसरमा नगद रकम जित्ने मौका दिईरहेको भन्दै विभिन्न फेसबुक पेज र लिङ्कहरुमार्फत प्रयोगकर्तालाई प्रलोभनमा पार्दै स्क्यामरहरुले भ्रामक पोस्ट, स्क्रिनसट, कमेन्ट तथा सन्देशहरु प्रचार प्रसार गरिरहेको जानकारीमा आएकोले सजग रहन र त्यस्ता प्रचारसँग सम्बन्धित पेज वा लिङ्कमा क्लिक गरी आफ्ना व्यक्तिगत विवरण नदिन हुन अनुरोध गर्दछौं।

यस प्रकारका अनाधिकृत रुपमा सञ्चालित पेज, लिङ्क वा वेबसाइटका झुटा प्रचारमा विश्वास गर्दा आफ्नो व्यक्तिगत विवरण चोरी हुने, अकाउन्ट ह्याक हुने जस्ता जोखिम रहन्छन्। यस कम्पनीले त्यस्तो कुनै योजना सञ्चालन नगरेको स्पष्ट पार्न चाहन्छौं र आधिकारिक रुपमा उपलब्ध गराएको सूचना वा कम्पनीको आधिकारिक वेबसाइट र सामाजिक सञ्जाल पेजमा उपलब्ध जानकारीलाई मात्र विश्वास गर्नुहुन अनुरोध गर्दछौं।

Ncell

# विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता हुँदै

**युग संवाददाता**
**सुर्खेत, १ असार ।**

नेपाल क्रिकेट संघ (क्यान)को वार्षिक क्यालेण्डर अनुसार सुर्खेत जिल्ला क्रिकेट संघको आयोजनामा मंगलबारदेखि विद्यालय स्तरीय टी-२० क्रिकेट प्रतियोगीता हुने भएको छ। प्रदेशस्तरको छनौट चरणमा प्रतिनिधित्व गर्ने सुर्खेत जिल्लाको टिम छनौंटका लागि हुन लागेको प्रतियोगीतामा सुर्खेतका २३ वटा विद्यालय सहभागी हुनेछन्।

सुर्खेत जिल्लाको विजयी टोलीले केही समयपछि हुने प्रदेशस्तरको विद्यालयस्तरीयप्रतियोगितारत्यसलगत्तै हुने राष्ट्रियस्तरको प्रतियोगिता खेल्ने संघले जनाएको छ। संघका अध्यक्ष श्रीधर केसीका अनुसार सहभागी हुने विद्यालयहरुलाई चार वटा ग्रुपमा विभाजन गरेर खेल खेलाइनेछ।

'कालुङ्चोक मैदान र वीरेन्द्रनगर मैदानमा दैनिक चार वटा म्याच खेलाइनेछ,' अध्यक्ष केसीले भने, 'समूह चरणमा प्रत्येक विद्यालयले दुई म्याच खेल्नेछन्।'

समूह 'ए' मा सुर्खेत मोडेल कलेज, हार्भेष्टमुन एकेडेमी, बुलबुले भेरी एकेडेमी, स्टेट स्कुल अफ सुर्खेत, शिद्धार्थ पाठशाला र आदर्शराज स्कुल छन्। यस्तै समूह 'बी'मा उषा बालबालिका स्कुल, माउण्ट एभरेष्ट स्कुल, जन नमूना मावि, चिल्ड्रेन प्याराडाइज, एओएस हर्मन माइनर स्कुल र सनसाइन एकेडेमी छन्।

समूह 'सी' मा भ्याली मेरिडियन एकेडेमी, प्रज्ञा पाठशाला, इगरब्रीज स्कुल, स्यालेन्डाइन एकेडेमी, ब्राइटल्याण्ड एकेडेमी र साउथ एसियन स्कलर्स एकेडेमी छन् भने समूह 'डी'मा ग्रीनल्याण्ड एकेडेमी, डिभी निकेतन, नेपाल पुलिस स्कुल, नासा एकेडेमी र सुर्खेत होराइजन एकेडेमी छन्।

अध्यक्ष केसीका अनुसार प्रतियोगीताको उपाधि जित्ने विद्यालयले ५१ हजार रुपैयाँ नगदसहित ट्रफी र मेडल प्राप्त गर्नेछ भने दोस्रो हुने विद्यालयले २५ हजार नगदसहित ट्रफी र मेडल प्राप्त गर्नेछ। यस्तै प्रतियोगीताको अवधिभर उत्कृष्ट ब्याटिङ र बलिङ गर्ने खेलाडीलाई तीन-तीन हजार पुरस्कार दिइनेछ भने प्रत्येक दिन प्लेयर अफ दि म्याच हुनेलाई एक हजार रुपैयाँ प्रदान गरिनेछ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop, Birendranagar-Surkhet
☎ ९८५८०५५६२९, ९८५१३२९१६९, ९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
✓ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✓ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✓ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✓ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✓ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✓ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।